# सिभिल बैंक लिमिटेडको

बान्हौं वार्षिक साधारण सभाको

**काम कारवाहीको विवरण (माईन्युट)**

**१. प्रारम्भिक :-**

सिभिल बैंक लिमिटेडको मिति २०७९ साल पौष ६ गते बसेको संचालक समितिको ४०४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम बैंकको बान्हौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :-**

सभा भएको मिति : २०७९ पौष २८ गते (तदनुसार १२, जनवरी, २०२३ )
स्थान : अमृतभोग, कालिकास्थान काठमाडौं ।
समय : विहान ११.०० बजे ।

**३. सभाको सूचना :-**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको बान्हौं वार्षिक साधारण सभाको सूचना सहित सभामा छलफल हुने विषयबस्तुहरू र कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण समेत मिति २०७९/०९/०७ गते प्रथम पटक र मिति २०७९/०९/२० गते दोश्रो पटक क्रमशः कारोबार राष्ट्रिय दैनिक र अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । त्यसै गरी साधारण सभासम्बन्धी जानकारी, आ. व. २०७८/०७९ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारीको लागि बैंकको वेभसाईट www.civilbank.com.np मा प्रकाशित गरिएको साथै बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालय एवं बैंकको शेयर रजिष्ट्रार कार्यालयहरूबाट वितरण गर्ने व्यवस्था गरिएको थियो ।

**४. उपस्थिति :-**

**(क) संचालकहरूको उपस्थिति :-**

१. श्री प्रताप जङ्ग पाण्डे - अध्यक्ष
२. श्री अम्बीर बोगटी - संचालक
३. श्री प्रकाश तायल - संचालक
४ श्री शम्भु प्रसाद पन्त - संचालक

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

| | | |
|---|---|---|
| १. | श्री सुनिल कुमार पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सचिन जंग रायमाझी | नयब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री सुमन आचार्य | प्रमुख कर्जा अधिकृत |
| ४. | श्री राजेश शाह | प्रतिनिधि, एनबिएसएम एण्ड एसोसियटस |
| ५. | श्री हिरा काजी बस्नेत | कम्पनी सचिव |

(ग) शेयरधनीको उपस्थिति :-

| | | |
|---|---|---|
| स्वयं उपस्थित | - | ४५४ जना |
| प्रतिनिधी मार्फत | - | २२२ जना |
| जम्मा | - | ६७६ जना |

५. सभामा प्रस्तुत छलफलका विषयहरू :-

वार्षिक साधारण सभाको छलफलको विषयहरु :

(क) साधारण प्रस्तावहरू:

१. अध्यक्षज्यूको प्रतिवेदन सहित संचालक समितिको वार्षिक प्रतिवेदन २०७८/०७९ पारित गर्ने ।

२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक NBSM & Company पुनः नियुक्त हुन योग्य नभएको ।)

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट कर प्रयोजनको लागि प्रतिशेयर ०.२६% का दरले हुन आउने रू.२,३८,८३,७९९।७१ (अक्षरेपी दुई करोड अड्तीस लाख त्रीयासी हजार सात सय उनान्सय रूपैया एकहत्तर पैसा मात्र) लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्तावहरू:

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रू.९,०७,५८,४३,८९०।३१ (नौ अर्व सात करोड अन्ठाउन्न लाख त्रीचालीस हजार आठ सय नब्बे रूपैया एकतीस पैसा ) को ५% का दरले हुन आउने रू.४५,३७,९२,१९४।५२ (अक्षरेपी पैतालीस करोड सैत्तीस लाख बयानब्बे हजार एक सय चौरानब्बे रूपैया वाउन्न पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. विशेष प्रस्ताव १ बमोजिम बोनश शेयर जारी गर पश्चात बैंकको पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र/नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

३. सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता CSC & CO. बाट प्राप्त सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति समितिको सिफारिशमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस सिभिल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर हिमालयन बैंक लिमिटेडको ८०.२८ कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:८०.२८ ) कायम गरी प्राप्ति ( एक्विजिशन) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

४. सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लि. ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको सम्पत्ती तथा दायित्वको मूल्याङ्कनकर्ताको नियुक्ती र निजलाई भुक्तानी गरिएको पारिश्रमिक , सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence of Audit Report) , समझदारीपत्र, (Memorandum of Understanding ), तथा अन्तिम सम्झौता पत्र ( Final Scheme of Arrangement ) लगायतका सम्पूर्ण काम कारबाहीहरूलाई अनुमोदन गर्ने ।



CIVIL BANK

५. सिभिल बैंक लि. लाई हिमालयन बैंक लि. ले प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट स्वीकृति लिने /अभिलेख गर्ने क्रममा भए गरेका काम कारबाही वा पूँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई पूर्ण अख्तीयारी प्रदान गर्ने ।

(ग) विविध

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | ९,०७,५८,४३८.९० | २८,१३,४२८ | ४९,००६,७०५ | ५१,८२०,१३३ | ५७.१०% |
| शेयरधनी | | ४५४ | २२२ | ६७६ | |

७. सभापतिज्यूको आसन ग्रहण र सभाको उद्घाटन :-

बैंकको बाह्रौं वार्षिक साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम १९ (२) बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुरूप यस बैंकका संचालक समितिका अध्यक्ष श्री प्रताप जंग पाण्डेज्यूले सभामा अध्यक्षको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरू, आमन्त्रित पर्यवेक्षकज्यूहरू तथा बैंकका पदाधिकारीहरूबाट आसन ग्रहण गर्ने कार्य गरियो । तत्पश्चात, सभाका सभाध्यक्षज्यूले सभास्थलमा राखिएको पानसमा दियो बाली बैंकको बाह्रौं वार्षिक साधारण सभाको समुद्घाटन गर्नु भयो ।

८. सभाको कारबाही र वैधानिकता :-

बैंकका कम्पनी सचिव श्री हिरा काजी बस्नेतल सभाको शुभारम्भ गर्दै सभामा उपस्थित सम्पूर्ण शेयरधनीमहानुभावहरूलाई हार्दिक अभिवादन तथा स्वागत गर्नुभयो । सो पश्चात सभाको औपचारिकतामा प्रवेश गर्दै कम्पनी सचिव श्री हिरा काजी बस्नेतले बाह्रौं वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा सिभिल बैंक लिमिटेडको नियमावलीको नियम २३ को प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयर संख्या आवश्यक हुने भन्ने प्रावधान बमोजिम कुल शेयर संख्याको ५७.१०% शेयर धारण गर्ने शेयरधनीहरूको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थिति रहेको हुँदा सभा संचालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी गराउँदै सभामा छलफल हुने विषयबस्तुहरू पढेर सुनाउनु भयो ।

कम्पनी सचिवले आजको सधारण सभा विशेष रहेको उल्लेख गर्दै सिभिल बैंक लिमिटेडको आजको यस सम्मानित सभामा राखिएको विशेष प्रस्तावहरू पारित भए पश्चात सिभिल बैंक लिमिटेड विधिवत रूपमा हिमालयन बैंक लिमिटेडमा समाहित हुन जाने व्यहोरा यहाँहरूलाई अवगत गराउदै सिभिल बैंक लिमिटेडको शुरूवाती यात्रा देखि आजसम्मको अवस्था र मर्जर तथा प्राप्ति सम्बन्धमा बैंकले गरेको प्रयास लगायत समग्र पक्षको जानकारी दिदै स्वागत मन्तव्यको लागि बैंकका संचालक, मर्जर कमिटिका संयोजक, सयुक्त प्राप्ति समितिका सदस्य श्री अम्वीर बोगटीज्यूलाई अनुरोध गर्नूभयो । सो पश्चात संचालक श्री अम्वीर बोगटीज्यूले सिभिल बैंकको शुरूवाती यात्रा देखि बैंकले गरेको मर्जर तथा प्राप्तिको बारेमा जानकारी गराउनुभयो । बैंकले ५ वटा संस्थालाई मर्जर र प्राप्ति गर्ने कार्य सम्पन्न गराएको स्मरण गर्दै आज यस सभा समक्ष यस बैंकलाई हिमालयन बैंकले प्राप्ति गर्ने गरि विशेष प्रस्ताव ल्याएको व्यहोरा अवगत गराउनुभयो । बैंकले बिभिन्न बैंकसँग मर्जर तथा प्राप्तिको लागि कुराकानी



CIVIL BANK

भएतापनि हामीलाई उपयुक्त विकल्पको रूपमा हिमालयन बैंक लागेको हुनाले सोहि बमोजिम सम्पूर्ण प्रक्रियाहरू पुऱ्याई यस सभा समक्ष स्वीकृतिको लागि ल्याएको जानकारी गराउनुभयो । साथै उहाँले संस्था स्थापना देखि साथ सहयोग गर्नुहुने संस्थापक अध्यक्षज्यू, संचालकज्यूहरू, संस्थापक शेयरधनीज्यूहरू, पूर्व प्रमुख कार्यकारी अधिकृतज्यू एवम् पदाधीकारीज्यहरू लगायत आजको यस घडिसम्म अनवरत साथ रहनुहुने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै यस सभामा पुनः सबैलाई स्वागत गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

तत्पश्चात् कम्पनी सचिवले सभाका अध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूलाई आ. व. २०७८/०७९ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्न अनुरोध गर्नु भयो ।

**९. बाह्रौ वार्षिक प्रतिवेदन प्रस्तुति :-**

सभाका अध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूले सभा समक्ष बैंकको आ. व. २०७८/०७९ मा भएका वित्तीय झलक, प्रमुख उपलब्धी, निक्षेप परिचालन, कर्जा तथा कर्जा व्यवस्थापन, लगानी, कर्जा असुली, मानव संसाधन व्यवस्थापन, शाखा सन्जाल संस्थागत सुशासन, संस्थागत सामाजिक उत्तरदायित्व, डिजिटल बैंकिङ्ग, कार्ड तथा एटिएम, विप्रेषण कारोबार, प्रविधि सेवा, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले बैंकिङ्ग क्षेत्रमा पारेको प्रभाव आदि विषयमा तयार पारिएको आ. व. २०७८/०७९ को वार्षिक प्रतिवेदन तथा कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिमको प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो । साथै बैंक हिमालयन बैंक सँग समाहित हुने गरी प्राप्ति प्रक्रियामा रहेको हुनाले प्राप्ति प्रक्रिया सम्पन्न भए पश्चात हुनसक्ने अवस्था लगायत तथा आर्थिक वर्ष २०७८|०७९ मा बैंकले लिएको लक्ष्य हासिल गर्नको लागि बैंकले गरेका कार्य लगायत बैंकलाई यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नु हुने संचालकज्यूहरू, शेयरधनी महानुभावहरू, बैंकका कर्मचारीहरू लगायत सम्बद्ध सबैलाई धन्यवाद दिनुभयो ।

तत्पश्चात सभाध्यक्षज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन माथि केही जिज्ञासा तथा विचार भए प्रकट गर्नु हुन भनी शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

**१०. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरु :-**

| क्र सं. | नाम थर |
|---|---|
| १. | श्री व्यास कुमार शर्मा |
| २. | श्री शत्रुधन श्रेष्ठ |
| ३. | डा. कृष्ण कुमार श्रेष्ठ (संस्थापक शेयरधनी) |
| ४. | श्री महेन्द्र नाथ कर्माचार्य (संस्थापक शेयरधनी) |
| ५. | श्री अमिर दास रंजित |
| ६. | श्री महेन्द्र बहादुर श्रेष्ठ |
| ७. | श्री रोज कुमार श्रेष्ठ |
| ८. | प्रतिनिधि सभा सदस्य तथा पूर्व मन्त्री, माननिय कृष्ण कुमार श्रेष्ठ (किसान) |
| ९. | श्री शिव राज पौडेल ( प्रतिनिधि, संचय कोष ) |
| १०. | श्री गुण राज भट्ट ( लिखित सुझाव) |
| ११. | श्री ब्रम्हदेव शाक्य ( लिखित सुझाव) |
| १२. | श्री चन्द्र नारायण श्रेष्ठ ( लिखित सुझाव) |

CIVIL BANK

१३. श्री लक्ष्मी देवी श्रेष्ठ ( लिखित सुझाव)

११. छलफलमा शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरूको मुलभूत आशयहरू निम्न बमोजिम रहेका छन् :-

१. व्यास कुमार शर्मा

शेयरधनी व्यासकुमार शर्माज्यूले सभामा उपस्थित सबैमा हार्दिक नमस्कारका साथै थुप्रै बैंकहरूको आज साधारण सभा भएतापनि यस बैंकको सभा विशेष रहेको हुनाले सभामा बैंकको संचालक समिति, मर्जर समिति, बैंक व्यवस्थापन लगायत सिंगो सिभिल बैंक परिवारलाई धन्यवाद दिन आएको धारणा राख्नुभयो। बैंकको संचालक समितिले पदको लोभ नराखी कर्मचारी समायोजनलाई उच्च प्रथमिकतामा राखि प्राप्ति प्रक्रिया अगाडि बढाई आज सभा समक्ष स्वीकृतिको लागि पेश गर्नु स्वागत योग्य कदम रहेको धारणा व्यक्त गर्दै यसको लागि सबैलाई मुरी मुरी धन्यवाद दिनुभयो। पछिल्लो समय बैंकले राम्रो प्रगति गर्दै गइरहेको , कोभिड महामारी , नेपाल राष्ट्र बैंकको नीति नियमहरूमा भएको कडाई र रसिया युक्रेन यद्धको असरका बाबजुद बैंकले गरेको प्रगतिको लागि बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो। बैंकले विगतका साधारण सभाबाट लिएर गएको म्यान्डेटलाई सफल गराउदै अहिले सम्मको उत्तम र उत्कृष्ट प्राप्ति कार्य गराउन सफल भएकोमा एकपटक पुनः संचालक समिति, मर्जर समिति लगायत सबै पक्षलाई धन्यवाद तथा बधाई दिदै प्राप्ति प्रक्रिया चाडो सम्पन्न होस भन्ने शुभकामाना व्यक्त गर्नुभयो।

२. शत्रुधन श्रेष्ठ :

आफू सिभिल बैंक लिमिटेडको शुरूवाती ग्राहक रहेकोले यस बैंक प्रति मेरो माया ममता रहेको छ। आजको साधारण सभाले स्वीकृति प्रदान गरे पश्चात विदेशी संयुक्त लगानीको हिमालयन बैंक संग मर्जर (प्राप्ति) हुन लागेकोमा संचालक समिति लाई धन्यवाद ज्ञापन गर्नुभयो। स्वाप रेशियो पनि सम्मानजनक रहेको छ। कतिपय बैंकहरूले प्रतिफल नदिईरहेको अवस्थामा सिभिल बैंकले ५ प्रतिशत बोनश शेयर कर प्रयोजन ०.२६ प्रतिशत नगद लाभांश मर्जर अगाडि प्रदान गर्न सक्नु एकदमै राम्रो भएको कुरा उल्लेख गर्दै पौष मसान्त भित्र मर्जर ( प्राप्ति) प्रक्रिया टुङ्गोमा पुऱ्याउन अनुरोध गर्दै शुभकामाना व्यक्त गर्नुभयो। साथै प्राप्ति सँगै कर्मचारीहरूको सम्मानजनक समायेजन हुनुपर्ने समेत धारणा राख्नुभयो।

३. डा. कृष्ण कुमार श्रेष्ठ (संस्थापक शेयरधनी)

सिभिल बैंकको लागि आज ऐतिहासिक क्षण तथा सम्झन लायक दिन भएको धारणा व्यक्त गर्नुभयो। हिमालयन बैंक लिमिटेडसंगको प्राप्ति राम्रो रहेको अहिलै नै पास गर्न सुझाव दिदै सबैलाई समर्थनको लागि अनुरोध गर्नुभयो। सिभिल बैंकको सबैलाई स्मरण गर्नुभयो। बैंकले दिन प्रतिदिन राम्रो गर्दै गएको अवस्था रहेको थियो यसको लागि बैंकको संचालक समिति, व्यवस्थापन पक्ष लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो। बैंकको यात्रा यही समाप्त हुदै गर्दा बैंक अझ प्रभावकारी हुनेमा विश्वस्त रहेको धारण राख्नुभयो। बैंकका कर्मचारीहरूको मेहनतको कारण बैंकले प्रगति गरेको हुनाले कर्मचारी व्यवस्थापन राम्ररी गर्नुपर्ने धारणा राख्नुभयो। बैंकको संचालक समितिले पदलोलुपतामा नपरी सम्मानजक मर्जर गराउनुभएकोमा धन्यवाद दिदै बैंकको उच्च तहको सहभागितामा जोड दिनुभयो। पुनः एकपटक प्रमुख कार्यकारी अधिकृत लगायतको उहाँको टिम तथा संचालक समितिलाई धन्यवाद दिदै मर्जरको लागि शुभकामना दिनुभयो।

४. महेन्द्र नाथ कर्माचार्य (संस्थापक शेयरधनी)

बैंकको संचालक श्री युगेश बहादुर मल्लज्यूको निधन प्रति गहिरो समवेदना व्यक्त गर्नुभयो। बैंक व्यवस्थापन र संचालक समितिको असल समन्वयको प्रतिफल स्वरूप आज बैंकले ऐतिहासिक सफलता प्राप्त गरेको धारणा व्यक्त गर्नुभयो। प्रमुख कार्यकारीको रणनीति तथा उहाँको टिमको अथक प्रयासले गर्दा व्यावसायको आकारमा उत्साहजनक वृद्धि भएको धारणा राख्नुभयो। बैंकको विगत सम्झदै कतिपय घटना परिघटना भए। बैंक शुरूदेखि नै कमजोर जगका साथ हिडिरहेको अवस्थामा अहिलेको अवस्थामा पुऱ्याई बैंकको शिर ठाडो पार्न सफल भएको छ। कर्मचारीहरूले शिर ठाडो पारेर हिड्न सकेका छन। बैंकको सम्पूर्ण संचालक समिति



CIVIL BANK

नगएर आज प्राप्ति प्रक्रियालाई अगाडि बढाईएकोमा भविष्यमा सिभिल बैंकको प्रतिनिधित्व हुनेनैछ, यसको लागि वर्तमान संचालक समितिका अध्यक्षलाई पहल गर्न अनुरोध गर्दै यसको लागि हामी तयार रहेको धारणा राख्नुभयो । अन्त्यमा संचालक समिति, कम्पनी सचिव लगायत सबैमा धन्यवाद मर्जर (प्रप्ति)को शुभकामाना व्यक्त गर्नुभयो ।

५. **अमिर दास रंजित**

साधारण सभा सकाएर नियमनकारी निकायमा स्वीकृतिको लागि चाडो भन्दा चाडो जानुपर्ने भएको हुदाँ जति सक्दो चाडो सभा सक्नुपर्ने धारणा राख्नुभयो । विगतमा बैंकले दिएको प्रतिफल सन्तोषजनक नरहेको भएतापनि पछिल्लो समयमा विगत भन्दा राम्रो गर्दै गइरहेको अवस्था रहेको धारणा राख्नुभयो । बैंकको संचालक समिति तथा व्यवस्थापनले आफ्नो हित भन्दा मथि उठेर शेयरधनिहरूको Wealth Maximazation को लागि कार्य हुने गरी प्राप्ति प्रक्रिया अगाडि बढाउनुभएकोमा धन्यवाद दिनुभयो । हिमालयन बैंकले सिभिल बैंक प्राप्ति पश्चात अझ सबल र सक्षम बैंक भएको धारणा आगामि साधारणसभामा व्यक्त गर्नसक्ने वातावरण बनोस । सम्मानजनक शेयर आदान प्रदान अनुपातको लागि मर्जर समितिलाई हार्दिक धन्यवाद दिदै मर्जर चाडो सम्पन्न होस् भन्ने धारणा राख्दै बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

६. **महेन्द्र बहादुर श्रेष्ठ**

आजको मुख्य एजेण्डा नै मर्जर तथा एक्विजिशन रहेको हुनाले यसमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । संस्थागत सुशाशन कम भएको बैंकले प्रगति गर्न कठिन हुने धारणा राख्दै हिमालयन बैंक संस्थागत सुशासन भएको बैंक नै भएको हुनाले अगामि दिनहरूमा समेत यसलाई निरन्तरता दिई प्राप्ति पश्चात बैंकले अझ प्रगति गर्ने आशा लिएको कुरा सभा समक्ष राख्नुभयो । बैंकको सहायक कम्पनीको सेवा सुविधालाई समयानुकुल सुधार गर्नुपर्ने तथा प्राप्ति पश्चात यसलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । स्वाप अनुपात सन्तोषजनक रहेको धारणा गर्दै सिभिल बैंक प्राप्ति पश्चात हिमालयन बैंकले अझ बडि प्रगति गर्ने धारणा व्यक्त गर्नुभयो ।

७. **रोज कुमार श्रेष्ठ**

बैंकको मर्जर प्रक्रियामा रहेको तथा बैंकको विगत देखि हालसम्मको अवस्थाको बारेमा संचालक श्री अम्बीर बोगटीज्यूले प्रस्ट पारिसक्नुभएको हुनाले थप कुरा राखि नरहनु पर्ने धारणा राख्नुभयो । ५ प्रतिशत बोनश शेयरको लागि धन्यवाद दिनुभयो । २५ अर्व पूँजी बनाएर बैंकहरू संचालन गर्नुपर्ने अवस्थामा बैंकले लिएको मर्जर निर्णय उपयुक्त भएको धारणा राख्नुभयो । स्वाप रेशियो उपयुक्त रहेको धारणा राख्दै चाडो मर्जर तथा प्राप्ति प्रक्रिया सम्पन्न होस भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

८. **प्रतिनिधि सभा सदस्य तथा पूर्व मन्त्री, माननिय कृष्ण कुमार श्रेष्ठ (किसान)**

सिभिल बैंकको साधारणसभा विगतको भन्दा विशेष खालको साधारणसभा रहेको छ । बैंकले विगतमा के गऱ्यो गरेन भन्दा पनि बैंकको वर्तमान अध्यक्षज्यू लगायतको संचालक समिति तथा प्रमुख कार्यकारी अधिकृत लगायतको सिंगो टिमको कारण पछिल्लो समयमा बैंकले प्रगति गर्दै आएको अवस्था रहेको व्यहोरा हामी सबैले पाएको छौं । हुनत १० बर्ष अगाडि यस्तो गर्न पाएको भए उत्तम हुन्थ्यो । विगतमा बैंकले दिएको प्रतिफल सन्तोषजनक थिएन । कान्छो बैंकको रूपमा गर्नुपर्ने प्रगति भएको थिएन तर आज गति लिईरहेको अवस्थामा हिमालयन बैंकले प्राप्ति गर्न लागेको छ । बैंकले गरेको प्रगतिको कारणले बैंकले छलाङ मार्न सफल भई हिमालयन बैंकसँग सम्मानजनक प्राप्ति प्रक्रियालाई अन्तिमरूप दिन लागि रहेकोमा बैंकको मर्जर कमिटिलाई हार्दिक धन्यवाद दिदै हिमालयन बैंक सँग एक्विजिशन भएता पनि मर्जरकै रूपमा लिई सिभिल बैंकका शेयरधनीहरूलाई समेत इज्जत तथा सम्मान दिनको लागि वर्तमान संचालक समितिले हिमालयन बैंकलाई जानकारी गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो । १२ बर्षको यात्रालाई अब हिमालयन बैंकमा लगेर समापन गरे पश्चात बैंकले अझ बढि प्रगति गर्नेमा विश्वस्त रहेको धारणा राख्नुभयो । यस अगाडिका शेयरधनी वक्ताहरूको कुरा सुने सबै खुशी नै भएको पाएको छु , उपस्थित शेयरधनीहरू सबै खुशी भएको पाएको छु यसको लागि सिभिल बैंकको संचालक समिति तथा प्रमुख कार्यकारी र उहाँको टिमलाई हृदय देखि धन्यवाद दिदै एक्विजिशन प्रक्रिया सफल रूपमा सम्पन हुन सकोस भन्ने शुभकामना दिनुभयो ।



CIVIL BANK

९. **शिव राज पौडेल ( प्रतिनिधि, संचय कोष )**

सिभिल बैंकको ठूलो शेयर स्वामत्वि रहेको संस्थाको प्रतिनिधिको रूपमा धारणा राख्दै बैंक प्रप्ति प्रक्रियालाई संचय कोषको संचालक समितिबाट स्वीकृति प्रदान भइ सोहिअनुरूप प्रतिनिधित्व भएको जानकारी गराउनुभयो । हिमालयन बैंकको पनि दोस्रो ठूलो लगानिकर्ता भएको हिसाबले प्राप्ति पश्चात पनि हिमालयन बैंक लिमिटेडको संचालक समितिमा प्रतिनिधित्व रहने हुनाले पुर्व वक्ता शेयरधनी महानुभावहरूको कुराहरू समेत अफ्नो व्यवस्थापन समक्ष पुऱ्याउने व्यहोरा सभा समक्ष जानकारी गराउनुभयो । विगतमा के कसो भए भन्दा पनि पछिल्लो चरणमा सिभिल बैंकले राम्रो गर्दै आएको छ । प्राप्ति पश्चात बैंक कसरी अगाडि बढ्छ भन्ने कुरा मुख्य रहेको धारणा राख्नुभयो । बैंकले नीति नियमहरू तथा असल अभ्यासका साथ दिगो रूपमा व्यसायको आकार वृद्धि गर्नुपर्ने धारणा राख्दै सिभिल बैंकबाट जानुहुने उच्च व्यवस्थापन लगायत सिंगो कर्मचारी टिमले उच्च मनोवलाका साथ कार्य गर्नको लागि शुभकामना समेत व्यक्त गर्नुभयो ।

१०. **गुण राज भट्ट ( लिखित सुझाव)**

- बैंकले प्रस्ताव गरेको ५ प्रतिशत बोनश शेयर सहर्ष स्वीकार्य छ । अध्यक्ष लगायत व्यवस्थापन समूहलाई हार्दिक धन्यवाद ।
- यस बैंकको १०० कित्ता शेयर बराबर हिमालयन बैंकको ८०.२८ कित्ता शेयर दिने गरी हिमालयन बैंकले प्राप्ति गर्ने प्रस्ताव स्वाग योग्य छ ।
- शेयर स्वाप अनुपात राम्रो पाएका छौ प्राप्ति प्रस्तावलाई स्वागत गर्दछु ।
- दुई बैंक एक भएपछि सानो बैंकबाट आएको भन्ने भावना वा व्यवहार नगर्ने गरी संस्थागत सुशासन कायम हुने व्यवस्था गर्नुपर्छ ।
- यस बैंकको कम्पनी सचिव सम्पूर्ण शेयरधनिहरूलाई सम्मान गर्ने कर्मचारी भएको हुदाँ नयाँ बैंकमा समेत उचित पदस्थापन हुनेमा विश्वस्त रहेको ।
- साधारण सभाका साधारण तथा विशेष प्रस्तावहरूको समर्थन गर्दछु ।

११. **ब्रम्हदेव शाक्य ( लिखित सुझाव )**

- बैंकको आजको साधारण सभाको मुख्य विशेष प्रस्तावे सिभिल बैंकलाई हिमालयन बैंकले प्राप्ति गर्ने प्रस्ताव रहेको हुदाँ उक्त एक्विजिशन प्रस्ताव सहि र सान्दर्भिक रहेको छ ।
- हिमालयन बैंक जस्तो पूजींगत रूपमा बलियो र ३० बर्ष पुरानो बैंक सँग ८०.२८ को स्वाप रेशियो कायम गराउन सक्नु उपलब्धिको रूपमा लिन सकिन्छ ।
- कर्मचारीहरूको सम्माजनक व्यवस्था मिलाउन सक्नु अध्यक्षज्यू लगायत संचालक समितिको कार्यकुशलता र क्षमतालाई उजागर गरेको छ ।
- मर्जर तथा एक्विजिशन समितिमा बसि सहि र तार्किक निष्कर्षमा पुऱ्याउन कार्य गर्नुहुने सबैलाई धन्यवाद ।
- प्राप्ति पश्चात बैंकको प्रभावकारी रूपमा कार्यहरू हुने र यस बाट अझ बलियो बैंक बन्नेछ ।
- बोनश शेयरको लागि सधन्यवाद समर्थन रहेको छ ।
- बैंकको उन्नति र प्रगतिको लागि कार्य गर्नुहुने संचालक समिति, व्यवस्थापन समूह, एवं कर्मचारीहरूलाई मुरी मुरी धन्यवाद सहित साधारण सभामा प्रस्तुत साधारण तथा विशेष प्रस्तावहरूको समर्थन गर्दछु ।

१२. **चन्द्र नारायण श्रेष्ठ ( लिखित सुझाव)**

- बैंकले प्रस्ताव गरेको बोनश शेयर तथा कर प्रयोजनको नगद लाभांशको लागि हार्दिक धन्यवाद ।

CIVIL BANK

- प्राप्ति पश्चात आगामि वर्ष अझ बढि प्रतिफको सुनिश्चित हुने गरी उत्कृष्ट कार्य सम्पादन हुनेमा विश्वस्त रहेको ।
- बैंकको संचालक समिति लगायत सम्पूर्ण कर्मचारीहरूमा हार्दिक धन्यवाद ।

**१३. दिवाकर खडका ( लिखित सुझाव)**

- बैंकले प्रस्ताव गरेको ५ प्रतिशत बोनश शेयर तथा कर प्रयोजनको नगद लाभांश सन्तोषजनक रहेको ।
- अगामि बर्ष हिमालयन बैंक मार्फत दोहोरो अंकको प्रतिफलको अपेक्षा गर्दछु ।
- पुरानो बाँकी लाभांश IPS मार्फत खातामा पठाउने व्यवस्था गरियोस् ।
- सिभिल क्यापिटलले लगानी तथा व्यवस्थापनबाट उल्लेख्य नाफा गर्न नसक्नुको कारण पत्ता लगाई सुधार गर्नुपर्ने ।

**१४. लक्ष्मी देवी श्रेष्ठ( लिखित सुझाव)**

- बैंकले प्रस्ताव गरेको ५ प्रतिशत बोनश शेयर तथा कर प्रयोजनको नगद लाभांशको लागि संचालक समितिलाई धन्यवाद ।
- यस बैंकको १०० कित्ता शेयर बराबर हिमालयन बैंकको ८०.२८ कित्ता शेयर दिने गरी प्रप्ति गर्न लागेकोमा हार्दिक बधाई ।
- प्रप्ति कार्य चाडो समपन्न होस शुभकामना ।
- सिभिल क्यापिटलले लगानी तथा व्यवसथापनबाट उल्लेख्य नाफा नसक्नुको कारण पत्ता लगाई सुधार गर्नुपर्ने ।

**१२. बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूले आभार प्रकट गर्नुभयो । सभा संचालन पूर्ण रूपमा भौतिक उपस्थिति भएर करीब ३ बर्ष पश्चात गर्न पाईएको तथा यहाँहरूको उल्लेख्य उपस्थितिले गौरवान्वित बनाएको कुरा अभिव्यक्त गर्नुभयो । बैंकको व्यवस्थापन प्रमुख सहित संचालक समितिमा समेत नेतृत्व परिवर्तन भएर अगाडि बढिरहेको परिप्रेक्ष्यमा बैंकलाई अझ सबल र कुशल बनाउनुपर्ने गतिमा कार्यहरू भैरहेको अवस्थामा गहन दायित्व संचालक समितिले निर्वाह गर्दै आइरहेकोमा यसै साधारण सभाबाट स्वीकृति भए पश्चात सिभिल बैंक हिमालयन बैंकमा समाहित भएर जाने र हामीले गर्दै आएको असल कार्यहरू त्यहाँबाट समेत निरन्तर रूपमा अझ प्रभावकारी ढंगले अगाडि बढ्नेछ भन्ने विश्वाश लिएको र सो को लागि समय समयमा हिमालयन बैंकलाई सुझावहरू प्रदान गर्ने प्रतिबद्धता समेत संचालक समितिको तर्फबाट व्यक्त गर्नुभयो । आगामी बर्षहरूमा हिमालयन बैंक भए पश्चात लगानीकर्ताहरूलाई उचित प्रतिफल वितरण हुनेमा विश्वस्त रहेको तथा सोही लक्ष्य अनुरूप हिमालयन बैंकको संचालक समितिले बैंक व्यवस्थापनलाई साथ, सहयोग, सल्लाह, सुझाव तथा समय समयमा निर्देशन दिई कार्य गर्ने आशा लिएको सम्मानित सभा समक्ष जानकारी गराउनुभयो । यस सम्मानित सभाबाट स्वीकृति प्राप्त भए पश्चात सिभिल बैंक हिमालयन बैंक सँग विलय भएर अझ ठूलो र सशक्त हिमालयन बैंक बन्ने हुनाले यहाँहारूलाई हाम्रा योजना भन्दा पनि यहाँहरूले सुझावहरू मार्फत दिनुभएको राम्रा योजना तथा हामीलाई लागेका योजनाहरू सुझावको रूपमा यसै सभा मार्फत हिमालयन बैंकमा जानेछ र सो प्रति हिमालयन बैंक समेत सकारात्मक हुने विश्वास राख्दै यहाँहरूले समेत हिमालयन बैंकलाइ समय समयमा राय सुझाव दिनुहुनेछ भन्ने आशा लिएको कुरा सम्मानित सभाबाट जानकारी गराउनु भयो ।



CIVIL BANK

शेयरधनहिरूले राख्नुभएको जिज्ञासा तथा सुझावहरूको अध्यक्षज्यूले दिनुभएको जबाफ सारांशको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- चालु आ.व. मा व्यवसायलाई आक्रामक भन्दा पनि भएकोलाई टिकाउने तथा गरिएको लगानीहरूलाई व्यवस्थापन तर्फ विशेष ध्यान दिईएको । सो को फलस्वरूप ९ प्रतिशतको प्रतिफल प्रदान गर्न सक्ने अवस्थामा पुऱ्याउन सफल भएको हुनाले यस पटक वितरण गरेर रहेको प्रतिफल हिमालयन बैंक भए पश्चात थप भएर आउनेनैछ ।
- शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझावहरूलाई मनन गर्दै सोहि अनुरूप जानकारी गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- सरोकारवाला सबैको फाईदा दिने र उचित प्रतिफल प्राप्त हुने गरी संचालक समितिले उच्च कार्यदक्षताका साथ कार्य गर्न केन्द्रित हुनेछ भन्ने विश्वास लिएको छु ।
- कर्मचारीहरूको उचित व्यवस्थापन गरिनेछ ।
- कर्मचारी व्यवस्थापन आफैमा गहन र चुनौतिपूर्ण रहेको हुनाले त्यसमा सजगता अपनाइनेछ ।
- कर्मचारी समायोजन प्रक्रियामा सानातिना असन्तुष्टि हुन सक्ने भएको हुनाले त्यसको व्यवस्थापनको लागि स्वेच्छिक अवकास योजना ल्याईनेछ ।
- बढि भन्दा बढि कर्मचारीको व्यवस्थापन होस् भन्ने हेतुले दुबै पक्षबाट कार्यहरू भई रहेको हुनाले सिभिल बैंकले साधारण सभा सम्पन्न भए पश्चात स्वेच्छिक अवकास योजना ल्याउनेछ र हिमालयन बैंकले प्राप्ति कार्य सम्पन्न भए पश्चात पनि स्वेच्छिक अवकास योजना ल्याउन सहमति भएको छ ।
- दुई बैंक एक भए पश्चात प्रति शाखा तथा प्रति कर्मचारी उत्पादकत्वमा वृद्धि हुनेछ।
- दुई बैंक एक भए पश्चात बैंकको व्यवसायिक आकार तथा शाखा सन्जाल विस्तार भई थप सेवा सुविधाहरू वृद्धि भएर जानेछ ।
- दुई बैंक एक भए पश्चात बैंकको पूँजीकोष सबल हुने हुनाले सोहि बमोजिम थप व्यवसाय विस्तार हुदै जानेछ ।
- कानूनले निर्दिष्ट गरेको सिमा र संस्थागत सुशासन भित्र रहेर काम गर्न हामी प्रतिबद्ध भई कार्यहरू गर्दै आएका छौं र आगामि दिनहरूमा समेत सो अनुरूप हुनेछ भन्ने विश्वास लिएको छु ।

नेपाल राष्ट्र बैंकले लिएको मर्जर नीति प्रति बैंक सदैव सकारात्मक रहेको तथा उपयुक्त पार्टनर पाएको अवस्थामा मर्जरमा जान अथवा ल्याउन तयार रहेको तर यसरी हुने मर्जर सम्मानजक हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको व्यहोरा यहाँहरू समक्ष विगतका साभारण सभाहरूमा जानकारी गराउदै आएका थियौं । मर्जरमा जानु भन्दा अघि मिल्नु पर्ने कुराहरू धेरै हुन्छन् भने मर्जरमा गईसके पछि सिर्जना हुनसक्ने प्रतिकुल परिस्थितिलाई मर्जर अगावै आँकलन गरी व्यापक छलफल गरेर मर्जर गर्न सकियो भने मर्जर पछिको संस्था संचालन सहज एवं दुवै पक्षको लागि हितकर हुने वातावरण सिर्जना हुनसक्ने तथा उक्त मर्जबाट Synergy प्राप्त हुने हुनाले हामीले यी सबै कुराहरूको बिचार गरेर सबै सरोकारवालाहरूको हित हुने गरी सम्मानजनक मर्जरमा जानको लागि बैंक सदैव तयार रहको प्रस्ताव समेत ११ औं साधारण सभामा राखेका थियौं र प्रस्ताव पारित भई संचालक समितिलाई प्राप्त अख्तियारी लिएर गएका थियौं । सोहि अख्तियारी तथा सभाले दिएको म्यान्डेट अनुरुप हामीले करीब ५ वटा बैंक सँग प्रारम्भिक कुरा गरेता पनि उपयुत्त: विकल्पको रुपमा हिमालयन बैंक हाम्रो रोजाई रह्यो र पटक पटकको सम्वाद र छलफलबाट निष्कर्षमा पुगि आज यसै सभा समक्ष यस सिभिल बैकलाई हिमालयन बैंक लिमिटेडले प्रप्ति गर्ने प्रस्ताव स्वीकृतिको लागि पेश गरिएको व्यहोरा सभा समक्ष जानकारी गराउनुभयो ।

CIVIL BANK

१३. सभाको निर्णय :-

सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमुल्य सुझाव, सल्लाहलाई प्राप्ति कार्य सम्पन्न भए पश्चातको संचालक समिति तथा उच्च व्यवस्थापनले समेत उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जानुहुनेछ भन्ने आशा एवम् विश्वास लिदै सभामा प्रस्तुत प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन सभाका सभापतिज्यूले अनुरोध गर्नुभयो ।

(क) साधारण प्रस्ताव अन्तरगत भएका निर्णयहरू :

निर्णय नं. १ : **साधारण प्रस्ताव नं. १ अन्तरगत आर्थिक वर्ष २०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गरिदिन सभामा सभापतिज्यूले प्रस्तुत गर्नु भएको प्रस्तावलाई पारित गर्ने ।**

साधारण प्रस्ताव नं. १ अन्तरगत सभामा अध्यक्षज्यूबाट प्रस्तुत भएको आर्थिक वर्ष २०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गरिदिन सभामा सभापतिज्यूले प्रस्तुत गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

निर्णय नं. २ : **साधारण प्रस्ताव नं. २ अन्तरगत आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गरी पेश गरेको लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (सहायक कम्पनी सिभिल क्यापिटल मार्केट लिमिटेडको समेत ) पारित गर्ने ।**

साधारण प्रस्ताव नं. २ अन्तरगत आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गरी पेश गरेको लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (सहायक कम्पनी सिभिल क्यापिटल मार्केट लिमिटेडको समेत ) पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

निर्णय नं. ३ : **साधारण प्रस्ताव नं. ३ अन्तरगत बैंकको चालु आर्थिक वर्ष २०७९/०८० को वार्षिक हिसाव किताबको लेखा परीक्षण गर्ने कार्यको लागि लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने । ( बहालवाला लेखापरीक्षक NBSM & Company पुनः नियुक्त हुन योग्य नभएको । )**

साधारण प्रस्ताव नं. ३ अन्तरगत बैंकको चालु आर्थिक वर्ष २०७९/०८० को वार्षिक हिसाव किताबको लेखा परीक्षण गर्ने कार्यको लागि यस अघिको लेखापरिक्षकको तीन वर्ष पुरा भएको हुनाले लेखा परीक्षण समितिको सिफारिश अनुसार S. Rai & Associates लाई बैंकको आ. व. २०७९/८० को बैंकको बाह्य लेखापरीक्षण, आयकर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण समेत गर्न मुल्य अभिबृद्धि कर समेत एकमुष्ठ रू.११,८६,५००।-( (अक्षरेपी एघार लाख छयासी हजार पाच सय मात्र) पारिश्रमिक तोक्ने र उपत्यका बाहिरको शाखा कार्यालयहरूको भ्रमण गर्नु पर्दा बिल अनुसारको यातायात, होटल खर्च भुक्तानी गर्ने सम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

निर्णय नं. ४ : **साधारण प्रस्ताव नं. ४ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट कर प्रयोजन प्रति शेयर ०.२६ प्रतिशतका दरले हुन आउने रू.२,३८,८३,७९९।७१ ( अक्षरेपी दुई करोड अड्तीस लाख त्रीयासी हजार सात सय उनान्सय रूपैया एकहत्तर पैसा मात्र ) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने प्रस्तावलाई पारित गर्ने ।**

साधारण प्रस्ताव नं. ४ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट कर प्रयोजन प्रति शेयर ०.२६ प्रतिशतका दरले हुन आउने रू.२,३८,८३,७९९।७१ ( अक्षरेपी दुई करोड अड्तीस लाख त्रीयासी हजार सात सय उनान्सय रूपैया एकहत्तर पैसा मात्र ) नगद



CIVIL BANK

लाभांश वितरण गर्न स्वीकृत गर्ने सम्बन्धी प्रस्तावलाई पारित गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

(ख) विशेष प्रस्ताव उपर भएको निर्णहरू:

**निर्णय नं. १ : विशेष प्रस्ताव नं. १ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रू.४५,३७,९२,१९४।५२ (अक्षरेपी पैतालीस करोड सैत्तीस लाखं बयानब्बे हजार एक सय चौरानब्बे रूपैया वाउन्न पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने सम्बन्धी विशेष प्रस्तावलाई पारित गर्ने ।**

विशेष प्रस्ताव नं. १ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रू.४५,३७,९२,१९४।५२ (अक्षरेपी पैतालीस करोड सैत्तीस लाख बयानब्बे हजार एक सय चौरानब्बे रूपैया वाउन्न पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने सम्बन्धी विशेष प्रस्तावलाई पारित गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**निर्णय नं. २ विशेष प्रस्ताव नं. २ अन्तरगत बैंकले बोनश जारी गरेपश्चात बैंकको पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र/नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने।**

विशेष प्रस्ताव नं. २ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रू.४५,३७,९२,१९४।५२ (अक्षरेपी पैतालीस करोड सैत्तीस लाख बयानब्बे हजार एक सय चौरानब्बे रूपैया वाउन्न पैसा मात्र) बराबरको बोनश शेयर वितरण गरे पश्चात बैंकको पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र/नियमावलीमा देहाय बमोजिमको संशोधन/थप गर्ने विशेष प्रस्तावलाई पारित गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**सिभिल बैंक लिमिटेडको प्रबन्धपत्रमा**
**प्रस्तावित संशोधन/थपको तीन महले विवरण**

| दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ६ ख | बैंकको जारी पूँजी रु. ९,०७,५८,४३,८९०/३१ (नौ अर्व सात करोड अन्ठाउन्न लाख त्रिचालीस हजार आठ सय नब्बे रुपैया एकतीस पैसा ) रहेको छ। | बैंकको जारी पूँजी रु. ९,५२,९६,३६,०८४/८३ (नौ अर्व बाउन्न करोड छयानब्बे लाख छत्तीस हजार चौरासी रुपैया त्रियासी पैसा ) हुनेछ। | बोनश शेयर जारी पश्चात बैंकको जारी पुँजी बृद्धि हुने भएकोले। |
| दफा ६ ग | बैंकको चुक्ता पूँजी रु ९,०७,५८,४३,८९०/३१ (नौ अर्व सात करोड अन्ठाउन्न लाख त्रिचालिस हजार आठ सय नब्बे रुपैया एकतीस पैसा) रहेको छ। | बैंकको चुक्ता पूँजी रु ९,५२,९६,३६,०८४/८३ (नौ अर्व बाउन्न करोड छयानब्बे लाख छत्तीस हजार चौरासी रुपैया त्रियासी पैसा ) हुनेछ। | बोनश शेयर जारी पश्चात बैंकको चुक्ता पुंजी बृद्धि हुने भएकोले। |

CIVIL BANK

**निर्णय नं. ३** **विशेष प्रस्ताव नं. ३ अन्तरगत सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लिमिटेडले प्राप्ति ( एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता CSC & CO. बाट प्राप्त सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति समितिको सिफारिशमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस सिभिल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर हिमालयन बैंक लिमिटेडको ८०.२८ कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:८०.२८ ) कायम गरी प्राप्ति (एक्विजिशन) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने विशेष प्रस्तावलाई पारित गर्ने ।**

यस सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता CSC & CO. बाट प्राप्त सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति समितिको सिफारिशमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस सिभिल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर हिमालयन बैंक लिमिटेडको ८०.२८ कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:८०.२८ ) कायम गरी प्राप्ति (एक्विजिशन) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने सम्बन्धि विशेष प्रस्तावलाई पारित गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**निर्णय नं. ४** **विशेष प्रस्ताव नं. ४ अन्तरगत सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लिमिटेडले प्राप्ति ( एक्विजिशन) गर्ने सम्बन्धमा भएको सम्पत्ती तथा दायित्वको मूल्याङ्कनकर्ताको नियुक्ती र निजलाई भुक्तानी गरिएको, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence of Audit Report) , समझदारीपत्र, (Memorandum of Understanding ), तथा अन्तिम सम्झौता पत्र ( Final Scheme of Arrangement ) लगायतका सम्पूर्ण काम कारबाहीहरूलाई अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लिमिटेडले प्राप्ति गर्ने प्रयोजनको लागि दुबै बैंकको सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence of Audit ) गर्न नियुक्त लेखापरिक्षक/ मूल्याङ्कनकर्ताका रूपम नियुक्त CSC & CO. लाई गरेको नियुक्ति र निजलाई भुक्तानी गरिएको तथा निजलाई भुक्तान गरिएको पारिश्रमिक रू. १६,९५,000/-(अक्षरेपि सोह्र लाख पन्चानब्बे हजार मात्र) रकम , सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence of Audit Report) , समझदारीपत्र, (Memorandum of Understanding ), तथा अन्तिम सम्झौता पत्र ( Final Scheme of Arrangement ) सम्पूर्ण काम कारबाहीहरूलाई अनुमोदन गर्ने लगायत लगायतका यस सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंकले प्राप्ति गर्ने विशेष प्रस्ताव पारित गरियोस भनि अध्यक्षज्यूले राख्नुभएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले अनुमोदन गरी पारित गऱ्यो ।

**निर्णय नं. ५** **विशेष प्रस्ताव नं. ४ अन्तरगत सिभिल बैंक लि. लाई हिमालयन बैंक लि. ले प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट स्वीकृति लिने /अभिलेख गर्ने क्रममा भए गरेका काम कारबाही वा पूँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई पूर्ण अख्तीयारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने।**

सिभिल बैंक लिमिटेडलाई हिमालयन बैंक लिमिटेडलेले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को स्वीकृतिको लागि नियमनकारी निकाय, नेपाल राष्ट्र



CIVIL BANK

बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका निकायहरूमा निवेदन दिन र प्राप्ति प्रक्रिया सँग सम्बन्धित प्रचलित कानून, निर्देशन बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण कार्यहरू पूरा गरी अन्तिम स्वीकृति लिने तथा सो को सम्बन्धमा नियमनकारी निकायहरूबाट निर्देशन गरे भए बमोजिमका कागजात तथा विवरणहरू तयार गर्ने, सो उपलब्ध गराउने, प्राप्ति प्रक्रिया सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न गराउन तथा बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई पारित गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष राख्नुभएको प्रस्ताव उपर सभामा छलफल पश्चात प्रस्ताब बमोजिम गर्न गराउन सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई पूर्ण अख्तीयारी प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**१४. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

सभामा उपस्थित सम्पूर्णमा हार्दिक आभार व्यक्त गरी सभाको विसर्जन गर्दै अध्यक्षज्यूले प्राप्ती प्रक्रिया मार्फत दुवै बैंकको सरोकारवालाहरू लाभान्वित हुने तथा दुबै बैंकको समग्र पक्षको मिश्रण पश्चात बैंकले एउटा नयाँ उचाई लिनेछ भन्ने विश्वास लिएको कुरा अभिव्यक्त गर्दै मर्जर/प्राप्ति प्रक्रियमा संयुक्त प्राप्ति समितिमा रहेर वार्ता तथा छलफल गरी यो प्रक्रियालाई परिणाम दिनको लागि अथक मेहनत गर्नुहुने संचालकज्यूहरू तथा प्रमुख कार्यकारी अधिकृतलाई विशेष धन्यवाद दिनुभयो ।

बैंकलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन अनवरत रुपमा लाग्नुहुने संचालकज्यूहरु, पूर्व संचालकज्यूहरू, बैंकका संस्थापकज्यूहरू, शेयरधनी महानुभावहरू, बर्तमान तथा पूर्व प्रमुख कार्यकारी अधिकृत तथा उहाँको नेतृत्वमा रहेको व्यवस्थापन समूह एवं सम्पूर्ण कर्मचारीहरुबाट प्राप्त सहयोगप्रति सभा मार्फत हार्दिक धन्यवाद प्रकट गर्नु भयो ।

अन्त्यमा, सभाध्यक्षज्यूले सभामा प्रत्यक्ष, प्रतिनिध .मार्फत सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै बाऱ्हौं बार्षिक साधारण सभा भव्य र सभ्य रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा बैंकका संचालकज्यूहरु र बैंकको उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरूबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद तथा आभार व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

CIVIL BANK

हिरा काजी बस्नेत
**कम्पनी सचिव**

प्रताप जङ्ग पाण्डे
**अध्यक्ष**

मिति : २०७९।०९।२८

CIVIL BANK